# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Liquidity Technical Assistance Mission को प्रतिनिधिमण्डल र eGDDS Mission प्रमुखद्वारा शिष्टाचार भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग IMF Liquidity Technical Assistance Mission का क्रममा नेपाल भ्रमणमा रहेको अन्तराष्ट्रिय मुद्रा कोष (IMF) को Bernard Laurens को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले चैत्र २३ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्‍यो । भेटवार्ताका अवसरमा मिसन प्रमुख Bernard ले नेपालको सन्दर्भमा liquidity volatility व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै यसका लागि Bond Market को समेत विकास गरी पूँजी बजारलाई थप विकसित गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । सो क्रममा उहाँले तरलता व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंकको कोष प्रतिको अपेक्षाका बारेमा समेत जिज्ञासा राख्नुभएको थियो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले भूकम्प तथा आर्थिक नाकाबन्दी पश्चात् आर्थिक क्रियाकलापमा आएको सुस्तता, लगानीका क्षेत्रहरु बढ्न नसकेको अवस्था एव विप्रेषण आप्रवाहमा भएको वृद्धिले बैकिंग क्षेत्रमा अधिक तरलताको स्थिति रहेको उल्लेख गर्दै केन्द्रीय बैंकले मौद्रीक उपकरणहरुको प्रयोग गरी तरलता व्यवस्थापन गरिरहेको बताउनुभयो । सो क्रममा उहाँले तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले प्रयोगमा ल्याएका मौद्रीक उपकरणहरुको प्रभावकारिताको विस्तृत अध्ययन गरी थप आवश्यक औजार परिचालन गर्नु उपयुक्त हुने भए सो सम्बन्धमा आवश्यक सुझाव दिन कोषलाई आग्रह गर्दै यस सम्बन्धमा कोषको अन्तराष्ट्रिय अनुभव नेपालका लागि महत्वपूर्ण हुने समेत बताउनुभयो ।

प्रतिनिधि मण्डलमा IMF का तर्फबाट Ms. Runchana Pongsaparn, Ms. Mariam El Hamiani र Mr. Prasad Ananthakrishnan समेत सहभागि हुनुहुन्थ्यो ।

यसैगरी IMF eGDDS Mission का क्रममा नेपाल भ्रमणमा रहनु भएकी Ms. Yin Fun Lum ले समेत चैत २३ गते गभर्नर डा. चिरंजीबि नेपालसँग उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गर्नुभयो । उक्त अवसरमा मिसन प्रमुख Lum ले Mission को उद्देश्य तथा Enhanced General Data Dissemination System (eGDDS) को महत्वका सम्बन्धमा प्रकाश पार्दै कोष यस सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई प्राविधिक सहयोग प्रदान गर्न तयार रहेको बताउनुभयो ।



भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंक तथ्याङ्क प्रणालीको गुणस्तर वृद्धि गर्न प्रतिवद्ध रहेको उल्लेख गर्नुहुंदै यसका लागि हालको GDDS बाट eGDDS मा स्तरोन्नती गर्न तयार रहेको र यसका लागि कोषबाट प्राप्त हुने प्राविधिक सहयोग महत्वपूर्ण हुने कुरा बताउनुभयो ।

उक्त भेटवार्ताका क्रममा नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठ एवं कार्यकारी निर्देशक नर बहादुर थापाको समेत उपस्थिति रहेको थियो ।

२०७२ चैत्र २३, मंगलबार

गभर्नरको कार्यालय